प्रतिदिन
हर प्रहर ताजा खबर!
लगइन गर्नुहोस्
www.pratidindaily.com
विज्ञापनको लागि सम्पर्कः
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY

लागूऔषध रहित परिवारः
स्वस्थ जीवनको आधार
❖ लागुऔषधले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ ।
लागुऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्रिवितरण तथा सेवन कानूनतः दण्डनीय छ ।
❖ गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरुलाई पनि लाग्न नदिऔं ।
स्वस्थ र सुखी परिवारको लागि
लागुऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड



# डोमालालको जग्गामा उल्फाको धन फुपुको श्राद्ध नगर-दाता परिवार



बिर्तामोड(प्रस)। आफ्ना पितापूर्खाले दुर्गा मन्दिरलाई दान दिएको जग्गालाई हिनामिना गर्न फेरि अर्को समूह सल्बलाएको आशंका गर्दै डोमालाल राजवंशीको परिवारले आपत्ति जनाएका छन् ।

'उल्फाको धन फुपुको श्राद्ध' भनेझैं जग्गादाता राजवंशी परिवारलाई वास्तै नगरी टाठाबाठाहरुले मनोमानी गर्न खोजेपछि उनीहरुले त्यसप्रति चासो राख्दै आपत्ति जनाएका हुन् । विगतमा मन्दिरलाई दान दिएको जग्गा कसले र कसरी बिक्री गरे ? र अहिले सो जग्गा कसले के उद्धेश्यले फिर्ता गराउन खोजेको विषयमा आफूहरुको चासो रहेको राजवंशी परिवारले जनाएका छन् ।

नेकपा एमालेका नेता एवं झापा क्षेत्र नं १ मा प्रतिनिधिसभा सदस्यका उम्मेदवार अग्नि खरेलले चुनाव प्रचारप्रसारका क्रममा आफूले डोमालाल राजवंशीले दान दिएको डोमालाल राजवंशी रंगशालाको जग्गा फिर्ता गराउन पहल गरिरहेको बताउँदै आएका छन् । उनले त्यसलाई चुनावी एजेन्डा नै बनाएका छन् । खरेलको पहलमा अनारमनी दुर्गा स्थान गुठीको जग्गा केशवप्रसाद विमलीले फिर्ता गरेको बताइएको छ । कित्ता नम्बर १२०, ८२२, ८२५ र ८१५ को जग्गा क्रमशः १ विगाह २ कठ्ठा १० धुर, ६ कठ्ठा, १३ कठ्ठा र ७ कठ्ठा ८ धुर जग्गाहरुबाट प्राप्त हुने जग्गाहरुको हकमा विमलीले उक्त जग्गाहरु अनारमनी दुर्गा स्थान राजगुठी संस्थानकै नाममा दाखिला गर्नेगरी गुठी संस्थानलाई प्रदान गर्ने सहमति जनाएको बताइएको छ । अब कित्ता नम्वर ८२० को ८ कठ्ठा रमेश महर्जनको नाममा र ८१२ को ७ कठ्ठा सूर्यकुमार विमलीको नाममा रहेको छ । त्यसलाई पनि फिर्ता गराउने पहल गरिरहेको खरेलले बताएका छन् ।

खरेलले आफूहरुलाई सोध्दै नसोधी र कुनै सल्लाह नगरी आफूखुशी गर्न लागेको भन्दै दाता परिवारले आपत्ति जनाएका हुन् ।

आफ्नो हजुरबुवाले दान दिएको जग्गामा आफूखुशी गर्ने छुट कसैलाई नभएको भन्दै डोमालालका नाति छविलाल राजवंशीले आपत्ति जनाए । 'जग्गा किन्नेहरुबाट कुन शर्तमा खरेलले फिर्ता गराउन लागेका हुन् ? र फिर्ता गराएपछि त्यो जग्गा के प्रयोजनमा लगाउने हो भन्ने कुरा हामीलाई सोध्नु पर्दैन ?' उनले प्रश्न गर्दै भने'पहिलाको जस्तै फेरि पनि हाम्रो जग्गा हिनामिना हुन्छ भन्ने शंका छ ।'

डोमालालले करिव १२ विगाह जग्गा दान दिएका थिए । त्यसमै डोमालाल राजवंशी रंगशाला अवस्थित छ । त्यसबाहेक आधाजति जग्गा मोहीले कमाउँदै आएका छन् भने पौने १० कठ्ठा जग्गा दाता राजवंशी परिवारले चर्चेका छन् । भूमिहीन बनेका राजवंशी परिवारले त्यही जग्गामा घर बनाएका छन् । एकपटक हिनामिना भइसकेको जग्गा यदि साँचो मनले फिर्ता गराउने पहल भइरहेको हो भने त्यस कार्यमा आफ्नो परिवार र सिंगो राजवंशी समुदायको सहयोग रहने डोमालालका जेठा नाति भीमबहादुर राजवंशीले बताए । तर, त्यस जग्गाका विषयमा हुने हरेक निर्णयमा सहभागी हुने आफूहरुको हक रहेको उनले स्पष्ट पारे । उनले आफ्नो हजुरबुवाले दान दिएको जग्गामा स्थापना हुन लागेको रंगशाला कमाइ खाने भाँडो बन्न नहुने भन्दै आफ्नो परिवारको किर्ती रहनेगरी व्यवस्थित बनाइनुपर्नेमा जोड दिए । उनले बिचल्लीमा परेको आफ्नो परिवारका बारेमा कसैले पनि सोधीखोजी नगरेकोमा गुनासो व्यक्त गरे ।

' हजुरबुवाले दान दिएको जग्गामा पहिलो हक हाम्रो हो' उनले भने ,' हामीले कमाएको जग्गा हाम्रो नाममा फिर्ता हुनुपर्छ ।'रंगशालासंगै आफ्नो परिवारको लागि आधिकारिक रुपमा जग्गा व्यवस्थापन गर्न उनले आग्रह गरे ।

दाता परिवारलाई अपहेलना

डोमालाल राजवंशी रंगशाला संरक्षण समितिले आफूहरुलाई अपहेलना गरेको दाता राजवंशी परिवारले गुनासो गरेका छन् । सो रंगशालामा झापा गोल्डकप हुँदा आफूहरुलाई टिकटबिना भित्र छिर्न नदिएको डोमालालकी नातिनी बुहारी ललिता राजवंशीले गुनासो गरिन् । उनले त्यसबेला आफूले गेटमा बस्नेहरुसंग झगडा गरेको सुनाइन् । त्यस्तै गत कात्तिक ४ र ५ गते रंगशालामा आयोजित झापा उत्सव हेर्न जाँदा आफूलाई फर्काइदिएको डोमालालकी छोरी सम्पत्ति राजवंशीले दुखेसो पोखिन् । रंगशाला संरक्षक समितिले एक-दुई पटक नगदसहित सम्मान गरेको भन्दै उनले दाता परिवारले पाउनुपर्ने सम्मान नपाएको बताइन् ।'हामी सोझा सीधा गरिव राजवंशी हौं जे गरेपनि हुन्छ भन्ने सोचेका होलान् ' उनले गुनासो गर्दै भनिन् 'आफूले किनेर दिन नसक्ने अरुको जग्गामा रजाई गर्न खोजेको देख्दा मन दुख्छ ।'

यसैबीच नेपाल आदिवासी जनजाति महासंघ झापाले डोमालाल राजवंशीको परिवारको पक्षमा आवाज उठाउने भएको छ । मंसिर ४ को निर्वाचनलाई लक्षित गरी आदिवासी जनजातिको अधिकारका सम्बन्धमा उम्मेदवारहरुको प्रतिवद्धता खोज्दै आएको महासंघले झापा क्षेत्र नं २ का उम्मेदवारहरुलाई डोमालाल राजवंशीको परिवारका बारेमा ध्यानाकर्षण गराउन लागेको अध्यक्ष पाण्डवलाल चौधरीले बताए । उनले कात्तिक १९ गते बिर्तामोडमा झापा २ का उम्मेदवारहरुसंग अन्तरक्रिया कार्यक्रम राखिएको जानकारी दिए ।

# विकासको सिलसिला रोकिदैन- लिङ्देन




झापा(प्रस) । झापा क्षेत्र नं ३ को हल्दिवारीमा राप्रपा र नेकपा एमालेले शुक्रवार संयुक्त चुनावी आमसभा गरेका छन् ।

हल्दिबारी १ गोलधापमा आयोजित सभालाई राप्रपाका केन्द्रीय अध्यक्ष एवं प्रतिनिधि सभाका उम्मेदवार राजेन्द्र लिङ्देन र प्रदेश सभा सदस्यका उम्मेदवार एमालेका छविलाल चुडालले सम्बोधन गरेका थिए। कार्यक्रमलाई सम्बोधन गर्दै लिङ्देनले विकास बिरोधी तत्व रोक्न दुई पार्टीबीच चुनावी तालमेल भएको र आफ्नो पालोमा पहिलो पटक यो क्षेत्रमा विकासको सुरूवात भएकोले बाँकी कार्य सम्पन्न गर्न पनि आफूलाई मतदान गर्न आग्रह गर्दै जनताको मतलाई खेर जान नदिने प्रतिवद्धता जनाए ।

उनले आफूले गरेको विकास निर्माणका कार्यहरूलाई कांग्रेसले गरेको भनेर भ्रम छरिरहेकोले त्यस्तो हावा कुराको पछि नलाग्न आग्रह गरे ।उनले भने 'समयमै सही नेता चुन्न नसक्दा धेरै वर्षसम्म पछुताएका जनताले अव गल्ती नगर्ने कुरामा आफू ढुक्क छु ।' झापा ३ ले आफू सांसद भएपछि विकास के हो देख्न पाएको भन्दै उनले विकासको सिलसिला अब कसैले रोक्न नसक्ने धारणा राखे । निःशुल्क शिक्षा, स्वास्थ्य र रोजगारको अवसर नेपालमै सिर्जना गर्ने पहिलो लक्ष्य रहेको भन्दै लिङ्देनले मतदान गर्दा धेरै सोचेर गर्न आग्रह गरे

यस्तै प्रदेश सभा सदस्य उम्मेदवार चुडालले सभालाई सम्बोधन गर्दै देशलाई लुट्नका लागि गरिएको गठबन्धन हराउन जनसमुदायलाई आग्रह गरे ।

देशलाई वैदेशिक हस्तक्षेपको जालोबाट मुक्त गर्न देशभक्त पार्टीहरूको तालमेल भएको र देश बचाउन सबै लागिपर्नु पर्ने आवश्यकता भएकोले राप्रपा र एमालेको तालमेललाई भोट हाल्न उनले आग्रह गरे । झापाकै कर्णालीको रुपमा ओझेलमा परेको ३ नं क्षेत्रलाई विकासको गति दिने लक्ष्यले युवाहरुको टिम चुनावी मैदानमा रहेको र जित्नै पर्ने आवश्यकता भएकोले दायाँ बायाँ नसोची मतदान गर्नसमेत उनले आग्रह गरे ।

नेकपा एमाले हल्दिबारीका अध्यक्ष त्रिलोचन सापकोटाको अध्यक्षतामा भएको कार्यक्रममा भारतेन्दुकुमार मल्लिक , हरि राजवंशी, लक्ष्मण पाठकलगायतले सम्बोधन गरेका थिए । कार्यक्रममा दुवै पार्टीका नेता कार्यकर्ताको बाक्लो उपस्थिति रहेको थियो। कार्यक्रमको संचालन राप्रपा हल्दिबारीका सहसचिव योगेश कार्कीले गरेका थिए।

तुरुन्त आवश्यकता

बिर्तामोडस्थित एक थकाली किचनका लागि निम्न कर्मचारीहरुको आवश्यकता परेको हुँदा इच्छुक महानुभावले तुरुन्त सम्पर्क राख्नुहोला ।
१. तन्दुरी कूक : २ जना  २. इन्डियन कूक : १ जना  ३. चाईनिज कूक : १ जना
४. वेटर / वेट्रेस : ३ / ३ जना  ५. सेकुवा बनाउने : १ जना
अन्तरवार्ता : २०७९ कात्तिक १९ गते , शनिबार (आज)
समय : दिउँसो २ बजेबाट
सम्पर्क
थकाली किचन एण्ड लुम्बिनी तन्दुरी हाउस
भगवान चोक , बिर्तामोड झापा
मो : ९८०६०८४२२२

JUBILANT ELITE ACADEMY
ILAM-07 NABINCHOWK,ILAM
FOR SECONDARY LEVEL
TEACHER REQUIRED
SECONDARY LEVEL
QUALIFIED CANDIDATE FOR A POST OF SECONDARY LEVEL TEACHER WITH B.SC, M.SC IS REQUIRED AT JUBILANT ELITE ACADEMY, ILAM .
ELIGIBLE CANDIDATES MAY SUBMIT THEIR APPLICATION ALONG WITH C.V. AND PHOTOCOPIES OF CERTIFICATES AT FRONT OFFICE OR TO jubilanteliteacademy2008@gmail.com.
Send Your Resume to: jubilanteliteacademy2008@gmail.com
For Queries Contact
Ilam: 9842722120 | Jhapa: 9842741101

# रहिनन् आस्था सुब्बा



झापा(प्रस) । पूर्व संचारकर्मी एवं इस्ट हराइजन मावि धुलाबारीकी भुतपूर्व विद्यार्थी आस्था सुब्बाको सवारी दुर्घटनामा मृत्यु भएको छ । परराष्ट्र मन्त्रालयकी अधिकृत रहेकी सुब्बाको मोटरसाइकलको ठक्करबाट मृत्यु भएको हो । परराष्ट्रका एक अधिकारीका अनुसार मन्त्रालयबाट घर फर्किने क्रममा सिंहदरबारको पूर्वी गेटअघि बिहीबार बेलुकी भएको दुर्घटनामा उनको मृत्यु भएको हो । ट्राफिक प्रहरीका अनुसार बाटो काट्ने गर्ने क्रममा सुब्बालाई मोटरसाइकलले हानेको थियो । अनामनगरमा बस्दै आएकी सुब्बालाई उपचारका लागि काठमाडौं मोडल अस्पतालमा लगिएको थियो । अस्पतालले उनलाई मृत्यु घोषणा गरेको हो । अधिकृत सुब्बा मन्त्रालयको राष्ट्रसंघ महाशाखामा कार्यरत थिइन् । उनी २०६९ सालमा परराष्ट्र सेवामा प्रवेश गरेकी हुन् । उनले यसअघि इजरायलस्थित नेपाली राजदूतावासमा सेवा गरिसकेकी छन् । उनले राहदानी विभागमा पनि काम गरेकी थिइन् । सुब्बाको पति र नाबालक छोरा छन् । 'हामीले एक कुशल अधिकृतलाई गुमायौं । निकै दुःख लागेको छ,' परराष्ट्रका एक उच्च अधिकारीले भने । पूर्वपरराष्ट्र सचिव मदनकुमार भट्टराईले एक प्रतिभाशाली अधिृकत गुमाउनुपरेकोमा दुःख व्यक्त गरेका छन् । उनी विगतमा कंचनजंघा एफएमकी कार्यक्रम संचालिका रहेकी थिइन् । उनले धुलाबारी माविमा कक्षा ९ र १० अध्ययन गरेकी थिइन् ।अध्यापन गर्दा अत्यन्तै मेधावी विद्यार्थी सुब्बाको दुर्घटनामा निधन भएको समाचारले अत्यन्तै विह्वल र स्तब्ध बनाएको विद्यालय परिवारले जनाएको छ । उनी सोही धुलाबारी माविकी पूर्व शिक्षक हरिमाया सुब्बाकी जेठी छोरी हुन् ।

# अस्ट्रेलियाले अफगानिस्तानलाई ४ रनले हरायो



एजेन्सी ।टी-२० विश्वकप क्रिकेटमा आयोजक अष्ट्रेलियाले अफगानिस्तानलाई ४ रनले पराजित गरेको छ। एडिलेडमा शुक्रवार भएको निकै रोमाञ्चक र आफ्ना लागि 'गर या मर' जस्तै रहेको प्रतिस्पर्धामा घरेलु टोली अष्ट्रेलियाले अफगानिस्तानलाई पराजित गरेको हो।

पहिले ब्याटिङ गर्दै अष्ट्रेलियाले दिएको १ सय ६९ रनको लक्ष्य पछ्याएको अफगानिस्तानले २० ओभरमा ७ विकेटको क्षतिमा १ सय ६४ रन मात्र बनाउन सक्यो र ४ रनले पराजित हुन पुग्यो। अफगानिस्तान भने यो खेलअघि नै प्रतियोगिताबाट बाहिरिइसकेको छ।

अफगानिस्तानका लागि ७ खेलाडी आउट भएपछि क्रिजमा आएका राशिद खानले अविजित रहँदै ४८ रन बनाए। २३ बलको सामना गरेका उनले आफ्नो इनिङ्मा ३ चौका र ४ छक्का प्रहार गरे।

गुलबदिन नाइबले ३९ रन जोड्दा रहमानुल्लाह गुरबाजले ३० रन जोडे। इब्राहिम जाडरानले २६ र डार्विस रसुलले १५ रन बनाए।

अष्ट्रेलियाका जोश हाजलउड र एडम जाम्पाले २/२ विकेट लिए।

पहिले ब्याटिङ गरेको घरेलु टोली अष्ट्रेलियाले २० ओभरमा ८ विकेटको क्षतिमा १ सय ६८ रन बनाएको थियो।

अष्ट्रेलियाका लागि ग्लेन म्याक्सवेलले अविजित रहेर ५४ रन बनाए। उनको अर्धशतकीय इनिङसँगै मिचेल मार्शले ४५ रन हिर्काए। अलराउन्डर मार्क्स स्टोइनिस र डेभिड वार्नरले २५/२५ रन बनाएका थिए। अफगानिस्तानका लागि नभिन उल-हकले ३ विकेट र फजलहक फारुकीले २ विकेट लिए।

घरेलु टोलीले यो खेल निकै ठूलो अन्तरले जित्नुपर्ने थियो। जितबाट अंक जोडे पनि कंगारुको सेमिफाइनलमा पुग्ने सम्भावना भने शनिबार हुने बेलायत र श्रीलंकाबीचको खेलमा समेत निर्भर हुनेछ।

समूह १ मा ७ अंक जोडेको न्युजिल्यान्ड नेट रनरेटका आधारमा शीर्षमा छ। शुक्रवारको जितसँगै ७ रन जोडेर अस्ट्रेलिया दोस्रो स्थानमा छ तर उसको नेट रनरेट भने माइनस (ऋणात्मक) छ। दुवै टोलीले आफ्ना सबै खेल खेलिसकेका छन्।

४ खेलबाट ५ अंक जोडेको बेलायत तेस्रो स्थानमा छ तर उसको नेट रनरेट भने अस्ट्रेलियाको भन्दा राम्रो छ। शनिवारको खेल बेलायतले जिते अस्ट्रेलिया सेमिफाइनल पुग्ने सम्भावना सकिनेछ। तर खेल श्रीलंकाले जितेमा बेलायत र श्रीलंका दुवै टोली प्रतियोगिताबाट बाहिरिने छन्।

# डेंगुका कारण माल्टामा इलामकी बिनिताको निधन



झापा(प्रस)। डेंगु संक्रमणबाट युरोपियन मुलुक माल्टामा एक नेपाली युवतीको निधन भएको छ ।

रोजगारीको लागि एक महिनाअघि मात्र माल्टा पुगेकी इलाम कन्यामकी बिनिता ढुंगेलको उपचारकै क्रममा निधन भएको हो । गैरआवासीय नेपाली संघ (एनआरएनए) माल्टाका अध्यक्ष भुवन अर्यालका अनुसार बिनिताको शुक्रबार बिहान स्थानीय समयअनुसार साढे ४ बजे निधन भएको हो ।

माल्टा पुगेको भोलिपल्टै बिनिताको स्वास्थ्यमा समस्या देखिएपछि चेकजाँच गर्दा डेंगुको संक्रमण पुष्टि भएको थियो । उनको माल्टाको सरकारी अस्पतालमा उपचार भइरहेको थियो । अध्यक्ष अर्यालका अनुसार बिनिताको बिमा नभएकोले अस्पतालमा ३० हजार युरो बिल उठेको छ । बिनिताले कम्पनीमा काम पनि सुरु गरिनसकेको अवस्थामा रोजगारदाताले उपचार खर्च तिर्छ/ तिर्दैन यकिन भइसकेको छैन। यद्यपि कम्पनी व्यवस्थापनले उनको निधनप्रति दुःख व्यक्त गर्दै सहयोग गर्ने प्रतिबद्धता जनाएको अर्यालको भनाइ छ ।

# धुलाबारी स्वास्थ्य केन्द्रलाई मतदान केन्द्र तोकिएपछि विरोध



झापा(प्रस) । मेचीनगर नगरपालिका-१० मा रहेको प्राथमिक धुलाबारी स्वास्थ्य केन्द्रमा मतदान केन्द्र तोकिएकोमा स्थानीयवासीले सामाजिक सञ्जालमार्फत विरोध जनाएका छन् ।

स्वास्थ्य चौकीजस्तो अति संवेदनशील स्थानमा मतदान केन्द्र तोकिँदा बिरामीलाई असर पर्ने जनाउँदै स्थानीयवासीले विरोध जनाएका हुन् । मेचीनगर-१० खयरडाँगीका महेश खड्काले विगतमा स्वास्थ्य केन्द्रमा मतदान हुँदै गर्दा एम्बुलेन्समा आएकी एक गर्भवती महिलाले सुविधा नपाउँदा मन खिन्न भएको कुरा सामाजिक सञ्जालमा उल्लेख गर्दै आगामी निर्वाचनमा मतदान केन्द्र नबनाउनका लागि आग्रह गरेका छन् ।

उनले भने, 'आँखै अगाडि देखेको यो घटनाले जीवनभर घोचिरहनेछ । अब आउने दिनमा हेल्थ पोस्टलाई निर्वाचन केन्द्र बनाउँदै गर्दा स्वास्थ्य सेवाबाट कोही पनि वञ्चित हुन नपरोस् ।' झापा क्षेत्र नं १ मा रहेको यस केन्द्रमा मतदान केन्द्र तोकिएकोमा स्थानीय समाजसेवी देवीमाया गौतमले पनि विरोध जनाए ।

उनले निर्वाचन कार्यालयले विगतमा पटकपटक गरेको गल्ती यसपालि पनि दोहोर्‍याएको भन्दै आपत्ति जनाए । उनले हरेक नागरिकको २४ घण्टै पाउनुपर्ने स्वास्थ्योपचारको अधिकारमाथि निर्वाचन कार्यालयले हनन् गरेको आरोप लगाए । क्षेत्र नं १ का निर्वाचन अधिकृत टंकबहादुर महतले स्वास्थ्य केन्द्रलाई मतदान केन्द्र बनाउनु उचित नभए पनि तत्काल विकल्प नभएको बताए । उनले भने, 'पहिलादेखि नै कसरी रह्यो, पहिल्यै सुधार गर्नुपर्थ्यो । अब ठाउँ तोकिएको स्थानबाट ठाउँ सार्न पाइँदैन, अर्को उपाय छैन ।' उनले स्वास्थ्य केन्द्रमा मतदान केन्द्र बनाउँदा बिरामीलाई असर पर्नेमा आफू चिन्तित भए पनि तत्काल केही गर्न नसकिने बताएका छन् ।

# पिट्सवर्ग च्यालेन्ज कपको उपाधि बेलवारीलाई





पथरीशनिश्चरे(प्रस)।पथरीशनिश्चरेमा संचालित पिट्सवर्ग च्यालेन्ज कपको उपाधि बेलवारी एफसीले जितेको छ।

शुक्रबार सम्पन्न फाइनल खेलमा टाइब्रेकरमा लेटाङ एफसीलाई हराउँदै बेलबारीले लगातार दोस्रो पटक उपाधि चुमेको हो।

निर्धारित समय बराबरीमा टुङ्गिएपछि टाइब्रेकरमार्फत ४-२ को गोल अन्तरले बेलवारी एफसी विजयी बनेको थियो ।

फाइनल खेलमा बेलवारी एफसीका जर्सी नं ३३ का गोलरक्षक किशोर गिरी म्यान अफ द म्याच घोषित भए। नगर प्रमुख मोहन तुम्वापोले प्रतियोगिताका विजेता र उपविजेता टीमलाई क्रमशः २ लाख १ हजार र १ लाख १ हजार रुपैयाँ नगदसहित मेडल, ट्रफी तथा प्रमाणपत्र प्रदान गरेका थिए ।

# राष्ट्र बैंकको निर्देशनप्रति एक्सल बैंक कटिबद्ध

झापा, कात्तिक १८ । एक्सेल डेभलपमेन्ट बैंकले नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कार्य गर्न गराउन सदाभै कटिबद्ध रहेको जनाएको छ । बैंकले आफूस'ग आवद्ध निक्षेपकर्ता र कर्जा उपभोग गर्दै आएका सर्वसाधारण साना तथा ठूला व्यवसायी तथा आर्थिक व्यवसायसंग सम्बन्धितहरुको हितलाई ध्यानमा राखी विद्यमान अस्वस्थ्य प्रतिस्पर्धालाई निरुत्साहित गरी समग्र बैंक तथा वित्तीय प्रणालीको हितजन्य कार्यमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कार्य गर्न गराउन सदाभै कटिबद्ध रहेको जनाएको हो ।

बढी ब्याजदरमा निक्षेप संकलन गरेर बढी ब्याजदरमा कर्जा विस्तार गर्न यस बैंकले हतारो नगरेको जनाउँदै निक्षेपको लागत खर्च बढिरहेको वर्तमान अवस्थामा १ बर्षभन्दा कम अवधिको मुद्दति निक्षेप राख्न नपाउने, १ वर्ष अवधि नपुग्दै उक्त मुद्दति Pre Matured गर्न नपाउने र १ बर्षभन्दा कम अवधिको मुद्दति निक्षेप राख्न पाउने व्यवस्था भएमा बचत निक्षेपमा प्रदान गरिने सामान्य ब्याजदर भन्दा ०.५० प्रतिशतसम्म मात्र बढी ब्याजदर प्रदान गर्ने नीतिगत व्यवस्था भएमा बैंक तथा वित्तीय संस्थाको आधार दर घटन गई कर्जाको ब्याजदर समेत स्वतः घटन जाने बैंकले जनाएको छ ।

यसै विषयलाई मध्यनजर गरी एक्सेल डेभलपमेन्ट बैंकले साना बचतकर्तालाई प्रोत्साहन गर्ने एवं सस्थागत निक्षेपकर्ताहरुलाई समेत संरक्षण गरी दिगो तथा न्यून लागतको वित्तीय स्रोत व्यवस्थापन गर्ने नीति अवलम्बन गरेको प्रेस विज्ञप्तिमार्फत जनाएको छ । यसको अतिरिक्त संभव भएसम्म कर्जाको लागत घटाउनेतर्फ बैंक संवेदनशील रहेको तर, वित्तीय क्षेत्रमा प्रवाह हुने पु'जीको लागत बजारले निर्धारण गर्ने हुँदा निक्षेप र कर्जालाई सन्तुलित राख्न विद्यमान परिस्थितिमा यस बैंकले आधार ब्याज दर घटाउनेतर्फ आवश्यक पहल र प्रयत्न गरिरहेको जनाउँदै यसबाट कर्जाका ग्राहकहरुलाई भविष्यमा राहत प्राप्त हुने अपेक्षा गरेको छ ।

# कार्यालय प्रवेश गर्ने मूल सडकमै व्यापार र पार्किङ

भद्रपुर(प्रस)। झापा सदरमुकामका सरकारी कार्यालय प्रवेश गर्ने सडक अतिक्रमण गरेर नियमविपरित व्यापार र पार्किङ गर्दा आवतजावतमा सेवाग्राहीले समस्या भोगिरहेका छन् ।



झापाको प्रमुख प्रशासकीय केन्द्र जिल्ला प्रशासन कार्यालयको मूल प्रवेशद्वारदेखि दक्षिणपट्टि सडकमा व्यापार र पार्किङ गर्दा आवतजावतमा सेवाग्राहीले समस्या भोग्नु परिरहेको हो । नो पार्किङ लेखिएको सडक किनारामा पार्किङ गराएर शुल्क समेत असुल्ने गरेको पाइएको छ भने रिक्सा, ठेला र अस्थायी टहरामा विभिन्न परिकार बेच्नेको भीड समेत लाग्ने गरेको छ ।

सडकमा व्यापार गरिरहेका अधिकांश व्यापारी इजाजत नलिइकन कारोवार गरिरहेको बताउने गर्छन् भने उनीहरूको व्यापारका बारेमा कसैले सोधखोज समेत नगरेको भन्दै एक वर्षयता कारोवार गरिरहेको स्वीकार गर्छन् ।

यता झापाका प्रमुख जिल्ला अधिकारी छविलाल रिजालले भने सडक व्यापार पूर्ण रूपमा बन्देज रहेको भन्दै नगरपालिकासित समन्वय गरी अविलम्ब हटाउने जानकारी दिएका छन् ।

# सन्दीप लामिछाने कारागार चलान



झापा(प्रस)। राष्ट्रिय क्रिकेट टिमका निलम्बित कप्तान सन्दीप लामिछानेलाई बलात्कार मुद्दामा पुर्पक्षका लागि थुनामा राख्न केन्द्रीय कारागार पठाइएको छ ।

जिल्ला अदालतका सूचना अधिकारी दीपक दाहालका अनुसार लामिछानेलाई शुक्रबार काठमाडौं जिल्ला अदालतले पुर्पक्षका लागि केन्द्रीय कारागार चलान गर्न आदेश दिएको हो ।

वादी र प्रतिवादीका तर्फबाट भएको कानुन व्यवसायीको थुनछेक बहसपछि शुक्रबार न्यायाधीश माधवप्रसाद घिमिरेले आरोपित लामिछानेलाई मुद्दाको किनारा नलागेसम्म पुर्पक्षका लागि जेल चलान गर्न आदेश दिएका हुन् । 'मुद्दाको किनारा नलागेसम्म आरोपितलाई थुनामा राख्न आदेश भएको छ,' काठमाडौं जिल्ला अदालतका सूचना अधिकारी दीपक दाहालले भने । वरिष्ठ अधिवक्ता रमण श्रेष्ठ, कृष्ण सापकोटा, सविता भण्डारी, लभ मैनालीलगायतले लामिछानेको पक्षबाट बहस गरेका थिए । जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंले सोमबार लामिछानेविरुद्ध १० देखि १२ वर्ष सम्म कैद र पीडितलाई अभियुक्तबाटै यथोचित क्षतिपूर्ति भराउन मागदाबी गर्दै काठमाडौं अदालतमा मुद्दा दायर गरेको थियो ।

जिल्ला सरकारी वकिलको कार्यालयले लामिछानेविरुद्ध मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा ३ (घ) अनुसार नाबालिगमाथि बलात्कार गरेको कसुरमा सजाय मागदाबी गरेको थियो । अनुसन्धानका क्रममा संकलित तथ्य र प्रमाणले लामिछानेबाट नाबालिग बलात्कृत भएको आरोपपत्रमा उल्लेख छ । मुलुकी अपराध संहिताको दफा २१९ मा 'कसैले कुनै महिलालाई निजको मञ्जुरी नलिई करणी गरेमा वा मञ्जुरी लिएर भए पनि १८ वर्षभन्दा कम उमेरकालाई करणी गरेमा निजले त्यस्तो महिला वा बालिकालाई जबर्जस्ती करणी गरेको मानिने' उल्लेख छ । सोही दफाको उपदफा ३ मा जबर्जस्ती करणी गर्ने व्यक्तिलाई करणी गर्दाको परिस्थिति र महिलाको उमेर हेरी कैद सजाय हुने व्यवस्था छ । उपदफा ३ को (घ) मा '१६ वर्ष वा १६ वर्षभन्दा बढी १८ वर्षभन्दा कम उमेरकी महिलालाई करणी गरे १० वर्षदेखि १२ वर्षसम्म कैद सजाय हुने उल्लेख छ। अदालतमा पेस गरिएको अभियोगपत्रमा घटना हुँदाका बखत पीडितको नागरिकता प्रमाणपत्रअनुसार उमेर १७ वर्ष २ महिना उल्लेख छ।

मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ को उपदफा ३ (घ) अनुसार लामिछानेलाई कैद र पीडितलाई क्षतिपूर्ति भराउनुपर्ने सुझावसहित काठमाडौं प्रहरी वृत्त गौशालाले गत कात्तिक ६ मा सरकारी वकिलको कार्यालयमा अनुसन्धान प्रतिवेदन पेस गरेको थियो । लामिछानेले गत भदौ ५ को राति तिलगंगाको एक होटलमा लगेर जबर्जस्ती करणी गरेको भन्दै नाबालिगका तर्फबाट भदौ २१ मा प्रहरी वृत्त गौशालामा जाहेरी परेको थियो । त्यसको भोलिपल्ट २२ गते प्रहरीले लामिछानेविरुद्ध जाहेरी दर्ता गरेर अनुसन्धान सुरु गरेको थियो। जाहेरी पर्दा लामिछाने केन्यासँगको ट्वान्टी-२० क्रिकेट शृंखला सकेर क्यारेबियन प्रिमियर लिग (सीपीएल) खेल्न वेस्ट इन्डिज पुगेका थिए। त्यहीबाट अमेरिका गएका लामिछाने असोज २० मा नेपाल आउने क्रममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पक्राउ परेका थिए।

**डकुरेसन पार्लर बिक्रीमा**

बिर्तामोड झापामा रहको न्यु डिजाइन डकुरेसन पार्लर एन्ड कस्मेटिक बिक्रीमा रहेकाले इच्छुक महिला दिदीबहिनीले सम्पर्क गर्नु होला । घरमै बसेर समय खेर नफाल्नु होला । आफ्नो सीप आफ्नै खुसी ।

**सम्पर्क: ९८१६०८६०७२**

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**

**बिर्तामोड , झापा**

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

### सामाजिक सञ्जालको दुरुपयोग

प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा प्रतिस्पर्धीलाई हराउन सामाजिक सञ्जालमार्फत अविश्वास, घृणा फैलाउने गलत र मिथ्या सूचनाको बाढी आएको छ । आ–आफ्ना दल र उम्मेदवारका समर्थकहरु विपक्षीप्रति सामाजिक संजालमा उग्र देखिएका छन् । यो युग रिस, आशंका, भय, भ्रम, विभाजन, ध्रुवीकरण अनि संस्थाहरूप्रति बढ्दो अविश्वास र घृणाको हो। डिजिटल प्रविधि विस्तारका कारण हामी दर्शक पनि हौं र योद्धा पनि। आजको आधुनिक अर्थशास्त्रमा भरोसा विनिमयको वस्तु बनेको छ। कारण, हामी इन्टरनेटको अर्थात् साइबर युगमा छौं, जहाँ डिजिटल र अनलाइन जीवनका अभिन्न अङ्ग बनिसकेका छन्। दैनिक जीवनचर्यामा इन्टरनेटप्रति हाम्रो विश्वासको सीमै छैन।

मूलधार मानिने छापा, रेडियो, टेलिभिजनको तुलनामा सामाजिक सञ्जालमा आएका सूचना सामग्रीलाई पत्याएर विचार निर्माण गर्न थालेका छौं।

मूलधार मानिने छापा, रेडियो, टेलिभिजनको तुलनामा सामाजिक सञ्जालमा आएका सूचना सामग्रीलाई पत्याएर विचार निर्माण गर्न थालेका छौं। नेपाल प्रहरीको साइबर ब्यूरोका अनुसार, देशभित्रका साइबर अपराधमध्येका ९५ प्रतिशत घटना सामाजिक सञ्जालसँग सम्बन्धित छन्। फेसबूक, टिकटक आदिमा 'भाइरल' बन्ने प्रवृत्ति झाँगिएसँगै विभिन्न दुर्घटना र मनोसामाजिक समस्या पनि निम्तिएका छन्। इन्टरनेटबाट हुने वित्तीय अपराध पनि बढ्दै छ। पछिल्लो समय सामाजिक सञ्जालमा हावी मिथ्या सूचना तथा अफवाह लोकतन्त्रकै लागि सबैभन्दा ठूलो चुनौती बनिरहेको छ। अधिनायकवादी सोचका शासकहरूका लागि सामाजिक सञ्जाल केवल सञ्चारको औजार होइन, सत्ता र शक्ति हासिल गर्ने बलियो अस्त्र बन्न थालेको छ। यसका लागि उनीहरूले कतै 'राष्ट्रवाद' कतै धार्मिक, जातीय, सांस्कृतिक जागरणका अनेकन् लोकरिझ्याइँ प्रेरित भाष्य निर्माण गरिरहेका छन्।

साइबर स्पेस विश्वको नयाँ रणभूमि बनेको छ। सामाजिक सञ्जालको बढ्दो दुरुपयोग र यसबाट हुन सक्ने अकल्पनीय दुर्घटना रोक्न गरिनुपर्ने पहिलो काम हो– नागरिक शिक्षा। यस्तो शिक्षाले सेन्सर विनाको इन्टरनेट पुस्तालाई सचेतना मात्र होइन, अभिभावक पुस्तालाई समेत सतर्कता अपनाउन मद्दत गर्नेछ। दोस्रो काम 'सरकारी र सार्वजनिक संस्थाहरूप्रति नागरिकको भरोसामा वृद्धि' र लोकतन्त्रका पूर्वाधार सुदृढ गर्नु हो। किनकि, सरकारका कमजोरीमै खेलेर सामाजिक सञ्जाल दुरुपयोगकर्ताले मिथ्या सामग्री सम्प्रेषण गरी समाजमा भ्रम र द्वेष फैलाउने गर्छन्।

Pratidin National Daily

प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# डलरको मूल्यवृद्धिले समस्या



• कृष्णमणी पराजुली

विश्व बजारमा अमेरिकी डलरको मूल्य बढ्दै गएको छ। त्यसैले डलरको महत्व झन् बढ्दो छ। नेपालजस्ता अति कम विकसित मुलुकको अर्थतन्त्र आत्मनिर्भर नहुने र खाद्यान्न, लत्ताकपडालगायत औषधि र कच्चा पदार्थसमेत आयात गर्नुपर्ने बाध्यताकै कारण अमेरिकी डलरको सञ्चितिमा चाप पर्छ। हाम्रो अर्थतन्त्र आत्मनिर्भर छैन र अधिकांश वस्तु आयात गर्नु परिरहेको छ। आयातमा वृद्धि र निर्यातमा कमी हुँदा शोधनान्तर घाटा बढिरहेको छ। २० खर्बको आयात हुँदा केवल दुई खर्ब मात्र निर्यात गर्छौं कसरी देशको अर्थतन्त्र आत्मनिर्भर हुन सक्छ ? त्यसैले जति विदेशी मुद्रा राज्यले प्राप्त गर्छ त्यो सबै आयातको भुक्तानीमा नै खर्च हुन्छ। हामीले जति नै विदेशबाट आयात गरेका हुन्छौँ, ती सबैको भुक्तानी अमेरिकी डलरमा नै गर्नुपर्ने हुन्छ। आयातमा धेरै भुक्तानी गर्ने, थोरै मात्र निर्यात गरेर विदेशीमा मुद्रा प्राप्त गर्ने हुँदा विदेशी मुद्रा सञ्चितिमा कमी आएको छ। विदेशी मुद्रा सञ्चितिमा कमी हुँदा अहिले छ/सात महिनाको लागि मात्र पुग्ने विदेशी मुद्रा रहेको अवस्था छ।

अन्य मुद्राको तुलनामा हामी सबैले विदेशी मुद्रा भन्नु नै अमेरिकी डलर भन्ने मात्र बुझ्दै आएका छौँ। केही समयअघि स्टर्लिङ पाउन्ड तथा युरोको प्रभुत्व रहेकोमा अहिले विश्व अर्थतन्त्रमा नै अमेरिकी डलर बलियो हुँदै आएको छ। विश्वका शक्ति सम्पन्न देश हुनुको साथै विश्वमा नै उसले व्यापार विविधीकरण गर्दै आफ्नो अर्थतन्त्रलाई मजबुत बनाइरहेको छ। यसकारणले पनि डलर मजबुत बनिरहेको हो।

विगत केही वर्षदेखि डलरको भाउ क्रमिक रूपमा बढ्दै आए पनि अहिले एक्कासि बढेको छ। केही समयअघि एक डलर खरिद गर्न ११५।१२० नेपाली रुपियाँ पर्दथ्यो भने अहिले त १३१ भन्दा बढी पुगेको छ। सामान्य अवस्थामा त हाम्रो विदेशी मुद्रामा चाप पर्दथ्यो भने अहिले त डलरको मूल्य यसरी अकासिँदा देशको अर्थतन्त्रलाई धक्का पर्न जानु स्वाभाविकै हो। सञ्चितिमा दबाब पर्न गएकाले विदेश जाने सर्वसाधारणलाई पनि नेपाल राष्ट्र बैङ्कले ज्यादै न्यून रकम मात्र उपलब्ध गराइरहेको छ। यस्तो गर्नुको मुख्य कारण भनेको हाम्रो विदेशी मुद्राको सञ्चितिमा कमी हुनु हो। डलरको डर हुँदाहुँदै पनि सरकारले आयात नियन्त्रण गर्न केही वस्तुमा बन्देज र नियन्त्रणको नीति लिएको देखिन्छ। निर्यात प्रोत्साहन गर्न आन्तरिक उत्पादनलाई उत्प्रेरणा गर्ने नीति पनि लिएको छ। विलासिताका वस्तुमा पूर्ण रूपमा नियन्त्रण गरेको अवस्था पनि छ।

हाम्रो राजस्व मूलतः भन्सारमा आधारित भएको हुँदा यसरी आयात नियन्त्रण गरिँदा राजस्वमा प्रतिकूल असर पार्नेछ। राजस्वमा असर पर्नासाथ सरकारले गर्नुपर्ने खर्चमा समेत प्रभाव पर्छ नै। त्यसकारण आयात नियन्त्रण गर्दा पनि अर्थतन्त्रमा सुधार आउँछ भन्न सक्ने देखिँदैन। आयातलाई प्रतिस्थापन गर्ने गरी आन्तरिक उत्पादनमा जोड दिनुपर्छ। अब प्रश्न आउँछ नेपाललाई किन डर छ त डलरको ? हाम्रो अर्थ प्रणाली आयातमा निर्भर भएकाले नुनदेखि सुनसम्म विदेशबाट खरिद गर्छौं। यी सबैको भुक्तानी विदेशी मुद्रा अर्थात् अमेरिकी डलरमा गर्नुपर्छ। आफ्नो उत्पादनले आफैँलाई नपुग्ने भएकाले ज्यादै न्यून वस्तु मात्र निर्यात गरेका छौँ। यति सानो रकमले बढ्दो आयातलाई प्रतिस्थापन गर्न नसक्ने हुँदा साधारण वस्तु खरिदमा नै हाम्रो विदेशी मुद्रा खर्चिनु परिरहेको छ। यसले पनि हामीलाई डलरको डर नै छ र डलरलाई कसरी जोगाउन सकिन्छ भन्ने तर्फ हाम्रो अर्थतन्त्रउन्मुख भएको छ।

अहिले हामीले विभिन्न मित्र राष्ट्रलाई तिर्नुपर्ने वैदेशिक ऋण करिब २० खर्बभन्दा बढी छ। प्रत्येक वर्ष साँवा ब्याज फिर्ता गर्नुपर्ने हुन्छ, फिर्ता गर्दा अमेरिकी डलरमा नै गर्नुपर्छ। गत विगत वर्षदेखि तिर्न बाँकी रकम अहिले भुक्तानी गर्नुपर्ने र डलरको भाउ बढ्दा डलरले सरकारी ढुकुटीमा असर पारिरहेको अवस्था छ। लिएको साँवाभन्दा पनि विनिमय दर वृद्धि र ब्याजको रकमले साँवालाई नउछिन्ला भन्न सकिन्न। यसरी ऋण लिएका क्षेत्रमा खासगरी सडक, खानेपानी, विद्युत्का ठूला ठूला योजना रहेका छन्। यस्ता योजना छोटो समयमा निर्माण नहुने र साँवा ब्याज भने बढ्दै जाने हुँदा सम्झौता रकमभन्दा धेरै रकम बढी भुक्तानी गर्नुपर्ने परिस्थिति सिर्जना भएको देखिन्छ। उदाहरणका लागि कतिपय विद्युत्का आयोजना धेरैअघि सम्झौता भएका थिए। तिनीहरूको अहिले भुक्तानी गर्दा डलरको भाउ अकासिएको हुँदा राज्यले ठूलो नोक्सानी भोग्नु परिरहेको छ। आफ्नो उत्पादन न्यून भएकाले निर्यात गर्न नसक्ने र पूर्ण रूपले आयातमा निर्भर हुनु पर्दा व्यापार घाटा चरम सीमामा पर्न जानु स्वाभाविकै हो। अर्को तर्फ वैदेशिक ऋण भुक्तानी गर्दा विनिमय दरको कारणले गर्दा सरकारको ढुकुटीमा प्रतिकूल असर पर्न गएको छ। यसकारणले गर्दा डलरको मूल्य अकासिँदा नेपाललाई फाइदाभन्दा बढी बेफाइदा भएको छ।

डलरको माग बढ्नुमा खास गरेर रुस–युक्रेनको युद्धलाई लिन सकिन्छ। मूलतः युद्धको समयमा धनी राष्ट्रको मुद्राको माग बढ्दै गएको हुन्छ। वर्तमानमा यही कारणले गर्दा अमेरिकी डलरको मूल्य अकासिँदै गएको छ। नेपाली रुपियाँ भारतीय मुद्रासँग स्थिर विनिमय दरमा निर्धारण गरिएको र अहिले भारतीय मुद्रा अमेरिकी डलरको तुलनामा अवमूल्यन भएकाले नेपाली रुपियाँ स्वतः कमजोर हुन गएको छ। जबसम्म भारतीय मुद्रा बलियो हुन सक्दैन तबसम्म नेपाली मुद्रा कमजोर हुन्छ। डलरको मूल्य बढ्दै गएको र अन्य मुद्रा कमजोर हुँदै गएकाले तत्काल नेपाली रुपियाँमा सुधार आउने संकेत देखिँदैन। वर्तमान अवस्थामा सबै मुलुकको ध्यान डलरमा नै केन्द्रित भएको छ। बाह्य मुलुकसँग डलरमा नै कारोबार हुने हुँदा डलरको सञ्चितिमा सबै देशले डलरलाई नै प्राथमिकता दिएका छन्। नेपालले पनि डलरको जोगाउन आयातमा कडाइ र निर्यातमा प्रोत्साहन गर्दै आएको छ। नेपालको आफ्नो मुद्रा कमजोर हुँदै गरेको र भारतीय मुद्रासँग स्थिर विनिमय दर कायम गरेकाले अमेरिकी डलरको आर्जन बढाइ जोगाउनु आवश्यक नै छ।

नेपालको व्यापारको ठूलो हिस्सा भारतसँग हुँदै आएको छ र भारतसँग भा.रु. किन्दा पनि डलरमा नै किन्नुपर्छ। यसरी घुमाउरो किसिमले भारतसँगको कारोबार पनि अमेरिकी डलरमा नै हुने गरेको छ। भारतीय रुपियाँ अहिले अवमूल्यन हुँदै गएको र नेपाली मुद्रा भारतीय मुद्रासँग स्थिर दर कायम भएकाले नेपाललाई एक प्रकारले फाइदा नै भएको छ। किनभने पहिले जति डलर तिरेर भा.रु.जति आउँथ्यो अहिले त्यति डलर तिर्दा बढी भा.रु. आउने हुन्छ। प्रकारान्तमा जे जस्तो भए पनि नेपालले डलर जोगाउनुको विकल्प देखिँदैन।

निर्यात बढी गर्ने देशका लागि भने डलरको मूल्य वृद्धि हुँदा फाइदा नै हुन्छ। नेपालजस्ता देश जो आयातमा निर्भर भएका हुन्छन् उनीहरूलाई भने ठूलो घाटा हुने गर्छ। त्यसैले नेपालजस्ता देशले निर्यातलाई प्राथमिकता दिनुपर्छ। नेपालले विदेशी मुद्रा आर्जन गर्ने स्रोत भनेको पर्यटन नै हो। विभिन्न देशमा गएका श्रमिकले आर्जन गरेर पठाउने रकम अमेरिकी डलरमा हुने हुँदा यसको अधिकतम सञ्चय गर्नुपर्छ। अहिले पनि नेपालको अर्थतन्त्रलाई धान्ने काम विप्रेषण नै भएकाले यसको संरक्षण गरेर उत्पादनशील क्षेत्रमा लगानी गर्नुपर्छ । यसो गर्न सकेमा आन्तरिक उत्पादन वृद्धि हुन्छ र परिणामस्वरूप निर्यात बढ्न जान्छ। निर्यात बढ्दा विदेशी मुद्रा आर्जन हुनु स्वाभाविकै हुन आउँछ।

अहिले अमेरिकी डलर सञ्चितिले बढी प्राथमिकता पाउँदै गरेको अवस्था छ। विदेशमा आर्जन गरेको रकम पनि स्वदेशमा कम आउने गरेको समाचार पनि आई नै रहेका छन्। कतिपय आउने रकम पनि सरकारको ढुकुटीमा प्रवेश नै गरेको छैन भन्ने भनाइ पनि रहेको छ। स्वदेशी मुद्रा कमजोर भएको अवस्थामा विदेशमा पुँजी पलायन हुने सम्भावना पनि त्यत्तिकै जोखिम हुन्छ। भनिन्छ अहिले नेपालमा क्रिप्टोकरेन्सी बढ्दै गएको छ। विदेशमा रहनेले त क्रिप्टोकरेन्सी यसै खेल्ने भई नै हाले। नेपालमा रहनेहरूले पनि यसको कारोबार गरेका खबर आई नै रहेका छन्। यसले अमेरिकी डलरको सञ्चितिमा प्रतिकूल असर पारेको हुन सक्छ। क्रिप्टोकरेन्सीको कारोबार अमेरिकी डलरमा नै हुने हुने भएकाले यसतर्फ सरकारले समयमै नियन्त्रण गर्ने संयन्त्रको विकास गर्नुपर्छ।

जे भए पनि अमेरिकी मुद्रा आर्जन गर्ने सम्बन्धमा नेपालले सम्भावित क्षेत्रको विकास गर्नुपर्छ । मुख्यतः आयात नियन्त्रण र निर्यातलाई उत्प्रेरित गर्नुपर्छ। अर्को सम्भावित क्षेत्र भनेको पर्यटन व्यवसाय हो। पर्यटन विकासबाट मनग्गे आय आर्जन गर्न सकिन्छ भने देशमा रोजगारीको अवसरमा पनि वृद्धि गर्न सकिन्छ। त्यस्तैगरी अहिले विदेशी मुद्राको आम्दानीको ठूलो स्रोत भनेको विप्रेषण पनि हो। रोजगारीका लागि विदेश जानेको संख्या करिब ५० लाखको हाराहारीमा छ। यति ठूलो संख्याले आर्जन गरेको विदेशी मुद्रा निश्चय नै ठूलै हुन्छ। त्यसैले यसलाई व्यवस्थित गर्न सकियो भने विदेशी मुद्रा सञ्चितिमा कुनै समस्या हुने छैन। मुख्य विषय भनेको स्वदेशमा नै रोजगारी उपलब्ध गराएर उत्पादन वृद्धि गर्नुपर्छ। यसरी उत्पादन गरिएका वस्तु विश्व बजारमा पुऱ्याउन सकियो भने नेपाललाई विदेशी मुद्राको कुनै समस्या हुने छैन।

# सार्वजनिक सेवामा प्रश्न



• शिवराम न्यौपाने

सरकारी निकायप्रतिको विश्वसनीयता जोगाउनु मुलुकको वर्तमान चुनौती हो। सेवा प्रवाहका माध्यमले सरकारले जनतासमक्ष आफ्नो चिनारी दिएको हुन्छ। सेवा प्रवाह गुनासारहित हुँदा मात्र सरकार जनताप्रति जिम्मेवार र जवाफदेही भएको मान्न सकिन्छ। सेवा केन्द्रमा रहेका कर्मचारीले आफ्ना सोच, व्यवहार र प्रवृत्तिलाई इमानदारितासँग तादात्म्यता कायम गर्न सकेको अवस्थामा मात्र सरकारी निकायको विश्वसनीयता र साख जोगाउन सकिनेछ। यस सन्दर्भमा सेवा केन्द्रमा रहने तल्लो तहदेखि नेतृत्व तहसम्मका पदाधिकारीले आफूलाई इमानदार व्यक्तिका रूपमा चिनाउन जरुरी हुन्छ।

सेवा प्रवाहका लागि आवश्यक कानुनी एवं संस्थागत आधारका अतिरिक्त सेवाप्रदायकको कार्यशैली र व्यवहारले समेत सेवाको विश्वसनीयतामा महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ। नेपालको संविधानमा सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउँदै राज्यबाट प्राप्त हुने सेवा सुविधामा जनताको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको प्रत्याभूति गर्नुपर्ने उल्लेख छ। सुशासन ऐनमा प्रशासनिक कार्य गर्दा पारदर्शिता, वस्तुनिष्ठता, जवाफदेहिता तथा इमानदारिता, आर्थिक अनुशासन एवं भ्रष्टाचारमुक्त, चुस्त र जनमुखी प्रशासन, प्रशासन संयन्त्रको तटस्थता तथा निष्पक्षता हुनुपर्ने स्पष्ट गरिएको छ। साथै निजामती सेवा ऐन, नियम एवं अन्य सेवा सञ्चालनसम्बन्धी कानुनमा सेवाग्राहीसँग इमानदार भई नैतिक अनुशासन कायम गर्नुपर्ने स्पष्ट गरिएको छ।

सार्वजनिक पदमा रहने राजनीतिक एवं प्रशासनिक पदाधिकारीले सेवा प्रवाह गर्दा भ्रष्टाचारजन्य व्यवहार र कार्यशैली देखाउन नहुने तथ्य पदाधिकारीले पालना गर्नुपर्ने आचरणमा समेत स्पष्ट छ। यस्ता व्यवस्थाका विपरीत सार्वजनिक सेवा प्रवाहमा भ्रष्टाचारजन्य प्रवृत्ति कायम रहनु सार्वजनिक सेवाको विकल्पको जोखिम बढ्नु हो। यस सन्दर्भमा सार्वजनिक पदाधिकारीको सोच, व्यवहार र प्रवृत्तिप्रतिको निगरानी वढाउनु जरुरी भएको छ। सरकारी सेवा प्रवाहका लागि स्थापना भएका सार्वजनिक निकायमा घुस लिएर सेवा दिने प्रवृत्तिमा नियन्त्रण गर्न सकिएको छैन। घुस लिने दिने प्रवृत्तिको स्वरूपमा परिवर्तन भएको छ।

कर्मचारीमा बिचौलियामार्फत घुस लिने प्रवृत्ति बढेको छ। यस कार्यमा राजनीतिक एवं प्रशासनिक पदाधिकारीको समेत मिलेमतो हुने गरेको छ। सेवा प्रवाहलाई सहजीकरण गर्ने गराउने बहानामा जिम्मेवार पदाधिकारीको समेत मिलेमतोमा निहित स्वार्थबाट प्रेरित भई सेवाकेन्द्रमा पुग्ने गरेका छन्। मूलतः जनसम्पर्क बढी हुने सरकारी निकाय मालपोत एवं नापी कार्यालयमा मिलेमतोमा सरकारी, पर्ती, जङ्गल, बुट्यान, गुठी, आदिका जग्गा व्यक्ति वा निजी कम्पनीको नाममा दर्ता गराई बेचबिखन गर्ने, सरकारले मुआब्जा दिई अधिग्रहण गरी लिएको सरकारी, सार्वजनिक र गुठीका जग्गा गैरकानुनी रूपमा व्यक्तिविशेषको नाममा दर्ता गर्ने, फिल्डबुक/कैफियत महलको विवरणविपरीत छुट जग्गा दर्ताका नाममा व्यक्तिविशेषका नाममा दर्ता गर्नेजस्ता प्रवृत्ति छ ।

सार्वजनिक वा व्यक्तिको अचल सम्पत्ति व्यक्ति वा समूहको नाममा गर्ने प्रवृत्ति संघीय तहदेखि स्थानीय तहसम्म बढेको छ। जग्गाको कित्ता हालसाबिक गर्दा साँधमा रहेको सरकारी जग्गा व्यक्तिको जग्गामा घुसाउने तथा सरकारी जग्गा आफन्तको नाममा बाँडफाँट गरी बिक्री–वितरण गर्ने, सरकारी/सार्वजनिक जनिएको जग्गाको नक्कली जग्गाधनी प्रमाणपुर्जा बनाई मुद्दा हाली मिलापत्रका नाममा सरकारी जग्गा हडप्ने र अनधिकृत भोगचलन गर्ने प्रवृत्तिमा कमी आएको छैन। दर्ता स्रेस्ताको कागजात हेरफेर गरी सार्वजनिक जग्गा व्यक्तिको नाममा दर्ता गर्ने, वास्तविक जग्गाधनीको विवरण सच्याई नक्कली जग्गाधनी कायम गरी एक व्यक्तिको जग्गा अर्को व्यक्तिको नाममा दर्ता गर्ने, नापीको काम गर्दा, ब्लुप्रिन्ट लिन जाँदा तथा जग्गाको नक्सा ट्रेस उपलब्ध गराउँदा घुस/रिसवत माग गर्ने प्रवृत्ति कायमै छ।

साथै जग्गाको मूल्यांकन गर्दा हुनुपर्ने वास्तविकभन्दा कम थैली कायम गरी पुँजीगत लाभकर र रजिस्ट्रेसन शुल्क निर्धारण गर्ने, राजस्व रकम नक्कली रसिदबाट उठाई प्रचलित कानुनबमोजिम दाखिला नगरी हिनामिना गर्ने कार्यलाई नियन्त्रण गर्न सकिएको छैन। यसका अतिरिक्त मोठ भिडान नगरी अदालतबाट रोक्का रहेको जग्गा पास गर्ने तथा रोक्का जग्गा रोक्का छैन भनी प्रमाणित गर्ने, सरकारी कागजात अनधिकृत रूपमा नियतवस लुकाउने, जग्गा प्लटिङको नाममा सार्वजनिक पर्ति जग्गासमेत दुरुपयोग गर्नेजस्ता भ्रष्टाचारजन्य प्रवृत्ति नियन्त्रण गर्न सकिएको छैन।

सरकारी सेवा प्रवाहलाई प्रभावकारी गराउने उद्देश्यले कार्यालयमा रहेको नागरिक बडापत्र, सहायता कक्षमा सेवासम्बन्धी आवश्यक जानकारी उपलब्ध गराउने व्यवस्था गरिएको छ। सेवा लिन भर्नुपर्ने फाराम, दिनुपर्ने निवेदनको ढाँचा उपलब्ध हुनुका साथै पेस गर्नुपर्ने कागजात, सेवाका लागि तिर्नुपर्ने शुल्क वा दस्तुरका अतिरिक्त सेवाका प्रक्रियाका सम्बन्धमा जानकारी दिने व्यवस्थासमेत गरिएको छ। यस्ता व्यवस्थाका आधारमा सेवाग्राहीले घुस नदिई आफ्नो काम आफैँले गर्न गराउन सक्ने हुन्छन् तर यी व्यवस्थालाई गुमराहमा राखी सेवाग्राहीलाई बिचौलियासँग जोडिन बाध्य गराउन कर्मचारी, दलाल, बिचौलियाको मिलेमतो भएको हुन्छ। मूलतः मालपोत कार्यालय, यातायात व्यवस्था कार्यालय, नापी कार्यालय, वैदेशिक रोजगारीका कार्यालय, भन्सार कार्यालय, उद्योग व्यवसायसँग सम्बन्धित कार्यालय, नगरपालिका, गाउँपालिकाका कार्यालय, जिल्ला प्रशासन कार्यालय, राहदानी विभाग, न्यायालयमा बिचौलियाको प्रत्यक्ष संलग्नतामा भ्रष्टाचारजन्य कार्य हुने गरेको पाइएको छ।

शान्ति सुरक्षा जनताको पहिलो र आधारभूत आवश्यकता हो। यसको सुनिश्चितताका लागि सरकारले आफ्ना संयन्त्रलाई निरन्तर क्रियाशील गरेको हुन्छ। यस कार्यमा मूलतः गृह प्रशासनको भूमिका उल्लेखनीय रहेको छ। यस क्षेत्रमा समेत सेवाग्राहीको गुनासा प्रशस्त रहेका छन्। सीमा नाकालगायतका व्यापार व्यवसायमा, प्राकृतिक स्रोतको उत्खनन र ओसारपसारको क्षेत्रमा निगरानी र आवश्यकताअनुसार सहजीकरण गर्ने जिम्मेवारीमा रहने प्रहरी प्रशासनबाट घुस लिने प्रवृत्ति घट्न सकेको छैन।

सवारी चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षा पास गराइदिने भनी घुस लिने, सडक दुर्घटनामा घुस र रिसवत लिई नक्कली चालक खडा गरी गलत अनुसन्धान प्रतिवेदन तयार पार्नेजस्ता भ्रष्टाचारजन्य कार्य हुने गरेको पाइएको छ। साथै सार्वजनिक खरिदसम्बन्धी मौजुदा कानुनको पालना नगरी सोझै खरिद गर्ने तथा दैवीप्रकोप उद्धार राहत सामग्री खरिदमा अनियमितता गर्ने, सुरक्षाको नाउँमा प्रक्रियाको पूर्ण पालना नगर्ने, अध्यागमन कार्यालयबाट यात्रा अनुमति दिन नहुने व्यक्तिलाई समेत घुस लिई यात्रा अनुमति प्रदान गर्ने, नागरिकता प्रदान गर्न नहुने व्यक्तिलाई समेत नागरिकता प्रदान गर्नेलगायतका अनियमित कार्य हुने गरेको पाइएको छ। यस्ता सुशासनविरुद्धका प्रवृत्तिका कारण सेवाग्राहीको सरकारप्रतिको विश्वास कमजोर हुँदै गएको छ।

सरल, सहज, सुपथ र गुणस्तरीय सेवा जनताको वर्तमान आवश्यकता हो। सार्वजनिक सेवा प्रवाहको गुणका आधारमा जनताले सरकारको क्षमताको वास्तविक मूल्यांकन गर्ने भएका कारण सार्वजनिक सेवाका माध्यमबाट सरकारले जनताको विश्वास हासिल गर्ने उद्देश्य राख्नुपर्छ। सार्वजनिक सेवाको महत्वपूर्ण क्षेत्र स्वास्थ्य सेवामा सेवाग्राहीका गुनासा अन्य क्षेत्रको तुलनामा अझ बढिरहेका छन्।

तीनै तहका सरकारले औषधि खरिद गर्दा वार्षिक आवश्यकताका आधारमा टेन्डर गर्नुपर्नेमा नगर्ने, गर्नुपर्ने पूर्वतयारी समयमै नगरी आपत्कालीन अवस्था सिर्जना गराई खरिद गर्ने, ठूलो परिमाणमा खरिद गरेको देखाई स्टोर दाखिला कागजी रूपमा मात्र गर्ने, कागजी रूपमा एउटै कार्यक्रम पटक पटक सञ्चालन गरेको देखाई रकम निकासा लिने, नक्कली बिलको आधारमा सञ्चालन नै नभएको प्रवर्द्धनात्मक कार्यक्रमको भुक्तानी दिने/लिने, स्वास्थ्य सेवामा विनियोजन भएको रकम नक्कली सेवाग्राहीको अभिलेख खडा गरी हिनामिना गर्नेजस्ता भ्रष्टाचारजन्य कार्य हुने गरेको पाइएको छ।

राज्यले निःशुल्क वितरण गर्ने भनेको औषधिसमेत निजी क्लिनिकबाट बिक्री गराउने प्रवृत्ति कायमै छ। अपराधका घटनाको स्वास्थ्य परीक्षण गर्दा गलत प्रतिवेदन दिने, सार्वजनिक खरिद ऐनको व्यवस्थाविपरीत औषधि/स्वास्थ्य उपकरण खरिद गर्नेलगायतका प्रवृत्ति नियन्त्रण गर्न सकिएको छैन। यस किसिमका भ्रष्टाचारजन्य कार्यमा बिचौलियाको भूमिका मुख्य रहेको पाइएको छ। यस्ता प्रवृत्तिले मुलुकमा भ्रष्टाचारलाई संस्थागत गर्न टेवा पु–याएको छ। यसको नियन्त्रणका लागि सेवाग्राहीले सेवाकेन्द्रको नागरिक बडापत्र अनुसरण गर्ने, कार्यालयको सहयोगी कक्षबाट सहयोग लिई आफैँले सेवा प्राप्त गर्न प्रयास गर्ने, तोकिएको शुल्क मात्र बुझाउने, बिचौलियाको सहयोग नलिने, भ्रष्टाचारजन्य कार्यको तुरुन्त उजुरी गर्नेजस्ता कार्यलाई महत्व दिनु आवश्यक छ। साथै तालुक एवं निगरानी निकायको सक्रियता बढाउनु जरुरी छ।

# गिरीको लागि भोट माग्न रावल आउने !

झापा(प्रस) । झापा क्षेत्र नं ३ मा डम्बरबहादुर गिरीलाई बागी उम्मेदवारी दिन लगाएको आरोप लागेका एमाले नेता भीम रावल सहयोग गर्न झापा आउने भएका छन् । मंसिर ४ को प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको पूर्वसन्ध्या कात्तिक अन्तिममा चुनाव प्रचारप्रसारका लागि रावललाई ल्याउने तयारी भइरहेको स्वतन्त्र उम्मेदवार गिरीले बताए ।' आफ्नो पक्षमा जनमत तयार गर्न कात्तिकको अन्तिममा भीम रावल



, सुरेन्द्र केसीलगायतका नेताहरु ल्याउने तयारी भइरहेको छ ' उम्मेदवार गिरीले भने'चुनावी सभा भद्रपुरमा हुनेछ ।' नेकपा एमाले र खासगरी अध्यक्ष केपी ओलीको समर्थनमा झापा क्षेत्र नं ३ मा दोस्रो कार्यकालका लागि उम्मेदवार बनेका राप्रपाका राजेन्द्र लिङ्देनविरुद्ध एमालेका गिरीले उम्मेदवारी दिएका हुन् । उनलाई एमालेले निष्काशनको कार्वाही गरिसकेको छ । ओलीले लिङ्देनलाई झापा ३ फेरि पनि छोडेको भन्दै असन्तुष्ट बनेका रावलले गिरीको समर्थन गर्दै आएका छन् । उनले गिरीको चुनाव चिन्ह सूर्यमुखी फूलमा भोट माग्दै आएका छन् ।गिरीकै कारण निर्वाचन जित्न नसक्ने डरले लिङ्देनले केही दिनअघि भद्रपुरमा ओलीलाई बोलाएर संयुक्त कार्यक्रम आयोजना गर्न लगाएका थिए ।

# झापा ५ मा गठबन्धनका उम्मेदवारको प्रतिबद्धतापत्र सार्वजनिक

दमक, कात्तिक १८ । लोकतान्त्रिक-बाम गठबन्धनका तर्फबाट झापा क्षेत्र नम्बर ५ का उम्मेद्वारहरुले आगामी निर्वाचनका लागि आफ्ना प्रतिबद्धताहरु सार्वजनिक गरेका छन् ।

दमक ६ सिद्धी मार्केटस्थित गठबन्धनको निर्वाचन प्रचार कार्यालयमा शुक्रवार आयोजित कार्यक्रममा प्रतिनिधिसभाका उम्मेद्वार डा. खगेन्द्र पाण्डव अधिकारी, कांग्रेस समानुपातिक उम्मेद्वार अईन्द्र बिक्रम केरुङ, प्रदेशसभा उम्मेद्वार गगन पुरी, निवर्तमान सांसद तथा कांग्रेस केन्द्रीय सदस्य महेन्द्रकुमारी लिम्बू, माओवादी केन्द्रका केन्द्रीय सदस्य सुरेन्द्र बस्नेतसहितले चुनावी प्रतिबद्धता सार्वजनिक गरेका हुन् ।

आफ्ना प्रतिबद्धताहरु सार्वजनिक गर्दै प्रतिधिनिसभाका उम्मेद्वार डा.अधिकारीले यस क्षेत्रको शिक्षा र स्वास्थ्यलाई पहिलो प्राथमिकतामा राखेर ४० बुँदे प्रतिवद्धतापत्र सार्वजनिक गरिएको बताए । यस क्षेत्रमा रहेका सामुदायिक




विद्यालयहरुको गुणस्तर सुधारका साथै यसै क्षेत्रमा मेडिकल कलेज सञ्चालन गर्ने उनले बताए । त्यसैगरी कृषिलाई आधुनिकीकरण गर्दै कृषकले उत्पादन गरेका उपजको बजारीकरण गर्ने पनि उनले प्रतिबद्धता जनाए ।

त्यस्तै प्रदेशसभा (२) का उम्मेद्वार पुरीले झापाको कमल गाउँपालिकामा रहेको आदिवासी रंगशालालाई अत्याधुनिक रुपमा निर्माण सम्पन्न गर्ने प्रतिबद्धता जनाए । त्यस ठाउँमा आदिवासी समुदायको पितृहरुको चिहान हटाइएकाले आदिवासीकै नाउँमा रंगशाला निर्माण गर्ने उनले बताए । त्यस्तै आफ्नै अगुवाईमा भैरहेको फाल्गुनन्द मार्गको निर्माणको कामलाई पनि सम्पन्न गर्नका लागि आफूहरुलाई जिताउन उनले आग्रह गरे । यस क्षेत्रका भूमिहीनहरुको समस्या समाधानका लागि स्थानीय सरकारमा गठबन्धन निर्वाचित भएपछि काम सुरु भएको भन्दै पुरीले धनीपुर्जा वितरणको चरणमा पुगेकाले अरु ठाउँका भूमिहीनहरुको समस्या समाधानका लागि पनि आफूहरु निर्वाचित हुनैपर्ने जिकिर गरे । सुकुम्बासीहरुलाई सुतिरहेका ठाउँबाट कुटेर लखेट्ने, घरमा डोजर लगाउने, आदिवासीको नामै सुन्न नचाहनेहरु अहिले सुकुम्बासी र आदिवासीलाई अधिकार दिन्छौं भन्दै आएकोले उनीहरुलाई जनताले चिनिसकेको भन्दै पुरीले अब नागरिकहरुले परिवर्तनका पक्षधरलाई भोट दिने दावी गरे ।

कार्यक्रममा निवर्तमान सांसद महेन्द्रकुमारी लिम्बूले लोकतन्त्र जोगाउन र मुलुकको विकासका लागि गठबन्धन गर्नुपरेको बताउँदै गठबन्धनमा मतदान गर्न सबै नागरिकहरुलाई आग्रह गरिन् । आदिवासी जनजातिको अधिकार स्थापित गर्नका साथै यस क्षेत्रको समतामुलक विकासका लागि गठबन्धनले जित्नै पर्ने उनले जोड दिईन् ।

# मतदाता शिक्षा कार्यक्रम सुरु

झापा(प्रस)। आगामी मंसिर ४ मा हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनका लागि शुक्रवारबाट मतदाता शिक्षा कार्यक्रम सुरु भएको छ। शुक्रवारबाट देशभरका ७७ वटै जिल्लाका ७५३ स्थानीय तहका वडाका घरदैलोमा मतदाता शिक्षा कार्यक्रम आयोजना गरिएको निर्वाचन आयोगले जनाएको छ । चुनावमा मतदातालाई सक्रिय सहभागिता गराउन र मत बदर हुन नदिन आयोगले मतदाता शिक्षा कार्यक्रम सुरु गरेको हो । मतदाता शिक्षा कार्यक्रममार्फत मतदातालाई मतदान गर्ने सही तरिका सिकाइनेछ । निर्वाचन आयोगका अनुसार देशका ७७ वटै जिल्लाका ७ सय ५३ स्थानीय तहका ६ हजार ७ सय ४३ वडाका घरमा मतदाता शिक्षा कार्यक्रम आयोजना गरिनेछ । यसका लागि आयोगले प्रत्येक वडामा रहेका स्वास्थ्य स्वयंसेविकालाई मतदाता शिक्षा कार्यकर्ता तोकेर खटाउँदैछ । केही वडामा एक स्वास्थ्य स्वयंसेविकाले अपुग भए थप एकजना परिचालन गर्ने तयारी छ । मतदाता शिक्षा कार्यक्रमका लागि त्यसरी खटिने स्वास्थ्य स्वयंसेविकालाई स्थानीय तहले नै पारिश्रमिक उपलब्ध गराउनेछ । मतदाता शिक्षाका लागि हुने घरदैलोमा मतदान गर्ने तरिकासहित निर्वाचनका लागि जानकारीमूलक सामग्रीहरू वितरण गरिने जनाइएको छ ।



# चर्को ब्याजदर नियन्त्रण नगरेको भन्दै आन्दोलनको घोषणा

विराटनगर(प्रस) । राष्ट्र बैंकले चर्को ब्याजदर नियन्त्रण गर्न उदासिनता देखाएको भन्दै उद्योग वाणिज्य महासंघ प्रदेश १ ले त्यसविरुद्ध आन्दोलनको घोषणा गरेको छ । बैंकको चर्को ब्याजदरका कारण उद्योग व्यवसाय नै बन्द गर्नुपर्ने अवस्था सिर्जना भएको भन्दै महासंघले चरणबद्ध आन्दोलनको घोषणा गरेको हो ।

यसअघि महासंघले कात्तिक पहिलो साता प्रदेश १ भरिका वाणिज्य




संघ, वस्तुगत संघ र एसोसिएट सदस्यको भेला गर्दै राष्ट्र बैंकले निजी बैंकहरूले लिन सुरु गरेको चर्को ब्याजदरलाई नियन्त्रण नगरे आन्दोलन गर्ने घोषणा गरेको थियो ।

महासंघको शुक्रबार बसेको कार्यसमिति बैठकले चर्को ब्याजदरको विरोधमा आगामी बुधबार कुनै पनि उद्योगी व्यवसायीले बैंकिङ कारोबार नगर्ने, प्रदेश १ मुख्यमन्त्रीको कार्यालय र राष्ट्र बैंक विराटनगर शाखामा धर्ना दिने पहिलो चरणको विरोधको कार्यक्रम तय गरिएको महासंघले शुक्रबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

यसअघि उद्योग संगठन, मोरङ व्यापार संघ र नेपाल उद्योग परिसंघको प्रतिनिधि टोलीले राष्ट्र बैंकका गर्भनर महाप्रसाद अधिकारीलाई भेटेर चर्को ब्याजदर नियन्त्रण गर्न आग्रह गर्दै त्यसो गर्न नसके निजी बैंकलाई राष्ट्रियकरण गर्न सुझाव दिएका थिए ।

# उदयपुरबाट लागूऔषधसहित ३ जना पक्राउ

झापा(प्रस)। जिल्ला प्रहरी कार्यालय उदयपुरले लागूऔषधसहित तीन जनालाई नियन्त्रणमा लिएको छ । प्रहरीले विभिन्न स्थानबाट उनीहरूलाई लागूऔषधसहित नियन्त्रणमा लिएको हो । प्रहरीले त्रियुगा नगरपालिका १३ को जोगीपोखरीका २४ वर्षीय आइस अधिकारीलाई घरमा लुकाइ-छिपाइ राखेको ३९ एम्पुल प्रतिबन्धित लागूऔषधसहित पक्राउ गरेको प्रहरीले जनाएको छ । लागूऔषध बिक्री वितरणमा संलग्न भएको सूचनाको आधारमा खटेको जिल्ला प्रहरी कार्यालयको विशेष टोलीले अधिकारीलाई घरमा लुकाइछिपाइ राखेको डाईजोपाम ५ एम्पुल, लुपिजेसिक ६ एम्पुल, डाइजेल्याव ९ एम्पुल, बुप्रिनोर्फिन ९ एम्पुल र फेनार्गन १० एम्पुल लागूऔषधसहित पक्राउ गरेको जनाएको छ ।

त्यसैगरी त्रियुगा नगरपालिका ११ का ३५ वर्षीय राजकुमार राईलाई पनि प्रहरीले लागूऔषध कारोबारमा संलग्न भएको आरोपमा पक्राउ गरेको छ । उनलाई लागूऔषधसहित पक्राउ परेका अभियुक्तको बयानका आधारमा पक्राउ गरिएको हो । त्रियुगा नगरपालिका ३ स्थित त्रियुगा बसपार्कबाट विभिन्न तीन किसिमका लागूऔषधसहित त्रियुगा नगरपालिका-१० बोक्सेका ३४ वर्षीय विकास राई पक्राउ परेका थिए । बसपार्कमा हिडिरहेका राईमाथि शंका लागेर चेकजाँच गर्दा ४२ एम्पुल (थान) लागूऔषध बरामद भएको प्रहरीले जनाएको छ । उनको साथबाट डाइजेपाम १४ एम्पुल, बुप्रिनोर्फिन १४ र फेनार्गन १४ गरी ४२ एम्पुल बरामद गरेको थियो । उनीहरूलाई म्याद थपेर अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय उदयपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक राकेशकुमार पोद्धारले जानकारी दिए । लागूपदार्थ कारोबार ऐन अनुसार कारबाही प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालय उदयपुरका प्रमुख एसपी ज्ञानेन्द्र फुयालले जानकारी दिए ।

# मिसेस् नेपाल युनिभर्सको खोजी सुरु

झापा(प्रस) । 'मिसेस् नेपाल युनिभर्स २०७९' को खोजी सुरु भएको छ । विवाहित महिलाहरूको समग्र सशक्तिकरणमा आधुनिक परिवेश र प्रक्रियाको पाटोबाट पहलकदमी गर्दै उनीहरूको व्यक्तित्व,आत्मविश्वास, क्षमताको अभिवृद्धि गर्दै नेतृत्वदायी भूमिका निर्वाह गर्नसक्ने बनाउने उद्देश्यले प्रतियोगिता आयोजना हुन लागेको हो । आयोजक जिभा इन्कोर परेटेडले बिहीबार एक विज्ञप्ति जारी गर्दै प्रतियोगिताको आवेदन खुल्ला भएको जनाएको हो । समाजको हरेक सेक्टरमा महिलाको प्रभावकारिता, जिम्मेवारी बहनमा निखारता र सक्रिय सहभागितालाई अभिप्रेरित गर्ने हेतुले मिसेस् नेपाल युनिभर्स प्रतियोगिता




आयोजना थालिएको आयोजक पक्षले जनाएको छ । युहान इन्टरनेसनल इभेन्टस्को सहकार्यमा जिभा इन्कोरपरेटेडको मुख्य आयोजना रहेको प्रतियोगिताको मञ्चबाट प्रतियोगीलाई अन्तर्राष्ट्रिय मञ्चसम्मको यात्रालाई सुनिश्चतता प्रदान गर्नेछ । प्रतियोगितामा सहभागीका लागि आवेदन दिन नोभेम्बर १२ अर्थात् कार्तिक २६ गते अडिसन प्रक्रिया सञ्चालन गरिनेछ । प्रतियोगिताका लागि अविवाहित, डिभोर्सी एवं विवाहित भएर पनि एकल जीवन अगाडि बढाइरहेका महिलाले सहभागिता जनाउन सक्नेछन् । प्रतियोगिताको शीर्ष विजेताले अन्तराष्ट्रिय सौन्दर्य प्रतियोगिता 'मिसेस् युनिभर्स' मा नेपालको तर्फबाट प्रतिनिधित्व गर्न पाउनेछन् ।

प्रतियोगिताका उपविजेताहरुले समेत मिसेस्सँग सम्बन्धित अन्य अन्तर ष्ट्रिय प्रतियोगितामा सहभागिता जनाउन पाउनेछन् । प्रतियोगिताको परिकल्पनाकार तथा निर्देशक सानु खान हुन् भने कोरियोग्राफी कोरियोग्राफर एवं सञ्चारकर्मी रोजिन शाक्यको रहनेछ ।

प्रतिदिन
वर्गीकृत विज्ञापन


अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा

PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल भौचर - पोष्टर/पम्प्लेट
- पत्रपत्रिका
- स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर-शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मो: ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०


मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट

स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५६५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** प्राविधिक कार्य सफल हुनेछ। वित्तीय संस्थाबाट सहयोग पाइनेछ ।

**वृष** इष्टमित्रसँग भेटघाट गर्ने अवसर जुट्नेछ । कुनै कुराले मनमा उत्साह छाउनेछ ।

**मिथुन** आज नयाँ योजना, अवसर र नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ ।

**कर्कट** सामाजिक र राजनैतिक क्षेत्रमा सफलता मिल्नेछ। व्यापार व्यवसायमा सफलता

**सिंह** कला, साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । आर्थिक क्षेत्र सामान्य नै रहनेछ ।

**कन्या** सरकारी निकायबाट सहयोग मिल्नेछ । राजनैतिक कार्यमा बाधा पनि आउनेछ ।

**तुला** आफन्तको प्रगतिले मन रमाउनेछ । सबै काम यथावत् रूपमा सम्पन्न हुँदै जानेछन्

**वृश्चिक** आज कुनै समाचारले मनमा शान्ति छाउनेछ । पुनर्मिलनको योग पनि रहेको छ

**धनु** आज नयाँ कार्यको योजना बन्नेछ । नजिकको व्यक्तिबाट सहयोग पाइएला ।

**मकर** आज सानातिना समस्यामा अल्झनुपर्नेछ । सौन्दर्यतामा धन खर्च पनि हुनेछ ।

**कुम्भ** दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । आँटेको र ताकेको कार्य पुरा होला ।

**मिन** वैदेशिक कार्य सम्पादनमा सहजता मिल्नेछ । शुभकार्यको चर्चा पनि चल्नेछ ।